माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड:४ संख्या :१४ प्रमाणित मिति२० ७८ माघ २८

## भाग २

## माई नगरपालिकाको भकारो सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८

माई नगरपालिका इलाम ,

# माई नगरपालिकाको भकारो सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८

कार्यपालिकामा पेश मिति: २०७८/१०/०७
कार्यपालिकाबाट पारित मिति: २०७८/१०/०७
प्रमाणित मिति: २०७८/१०/२८

माई नगरपालिकाको अधिकतम भूभाग चुरे छेत्र रहेको स्थानीय तह हो। यस नगरपालिकाको कृषि क्षेत्रमा पशुपालनका लागि प्रचुर सम्भावना रहेको छ। "गरौँ व्यावसायिक कृषि यसैबाट हुन्छ माई नगरको समृद्धी" भन्ने माई नगरको दिगो कार्ययोजनालाइ सफल पार्नको निम्ति यस नगरपालिकाका किसानहरुलाइ व्यावसायिक पशुपालन तथा कृषि तर्फ आकर्षित गर्नको निम्ति, यस नगरपालिकाले यो कार्यबिधि बनाएको छ।

## परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ

क. यो कार्यबिधिको नाम **माई नगरपालिकाको भकारो सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८** रहेको छ।

ख. यो कार्यविधि गाई भैसी भकारो सुधार कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुने छ।

२. परिभाषा

क. मन्त्रालय भन्नाले कृषि तथा पशु पंक्षी मन्त्रालय सम्झनु पर्नेछ।

ख. कार्यालय भन्नाले माइ नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाइ सम्झनु पर्ने छ।

ग. नगरपालिका भन्नाले माई नगरपालिकालाइ सम्झनु पर्ने छ।

घ. शाखा भन्नाले माई नगरपालिका कृषि बिकास शाखा भन्ने बुझ्नु पर्ने छ

ङ. कार्यविधि भन्नाले **माई नगरपालिका भकारो सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८** भन्ने बुझ्नु पर्ने छ।

३. उद्धेश्य

क. माई नगरपालिका कृषि बिकास शाखाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने।

ख. माई नगरपालिका भित्रका सुचिकृत पशुपालक किसानको गोठ तथा भकारो सुधारमा सहयोग पुर्याउन।

ग. गोठ तथा भकारो सुधार कार्यक्रमलाइ प्रभावकारी बनाइ माई नगरको दिगो कार्ययोजनालाइ सहयोग पुर्याउन।

घ. कृषकलाइ व्यावसायिक कृषि तर्फ अग्रसर गराउन।

## परिच्छेद-२

४. कार्यक्रम संचालन प्रक्रिया

क. यो कार्यक्रम माई नगरपालिकाको सम्पूर्ण वडाहरुमा संचालन गरिने छ।

ख. प्रत्येक वडालाइ बराबर रकम बिनियोजन गरिने छ।

ग. कार्यक्रम संचालानका लागि कृषक छनौटका आधार र संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ

१. नगरपालिकामा कम्तिमा २ माउ गाई वा भैसी पालन गर्दै आएको किशानलाइ प्राथमिकता दिइनेछ।

२. एउटै कृषकलाइ दोहोरो पर्ने गरि अनुदान वितरण गरिने छैन।

३. वडा कार्यालयको सिफारिस बमोजिम स्थलगत अनुगमनबाट प्रति कृषक भकारो सुधार अनुदान कार्यक्रमलाइ ५०% लागत साझेदारीमा बढीमा रु. १०,००० अनुदान उपलब्ध गराइने छ।

४. प्रस्ताबकले प्रस्ताब पेस गर्दा अनुसूची १ बमोजिमको बिवरण खुलाई सम्बन्धित वडा कार्यालयमा रित पुर्बक निबेदन पेस गर्नु पर्ने छ।

५. प्रत्येक वडा बाट वडा स्तरको निर्णयले प्रत्येक वडाबाट पशुपालक कृषक छनौट गरि वडाको सिफारिसमा अनुदान रकम सम्झौता गरिने छ।

६. वडा कार्यालयले अनुसूची २ बमोजिमको सूचकहरुलाइ मापदण्ड मानि कृषक छनौटका लागि कृषि शाखामा सिफारिस गर्नु पर्ने छ।

७. लाभग्राही कृषकले आफ्नो स्व-लगानीबाट प्रस्तावित कार्य सम्पादन गरे पश्चात अनुदान रकम प्रस्तावित कार्य सम्पादनको स्थलगत निरीक्षण पश्चात कृषि विकास शाखाको सिफारिस र अनुसुची ३ बमोजिमको प्राविधिक प्रतिबेदनको आधारमा भुक्तानी गरिने छ।

५. थपघट वा हेरफेर गर्ने

क) यो कार्यबिधी कार्यान्वयनलाइ थप व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आवस्यकता अनुसार यस निर्देशिकामा केहि थपघट, हेरफेर तथा खारेज गर्न सक्ने छ।

ख) यो कार्यबिधी कार्यान्वयनमा कुनै वाधा अवरोध र अस्पष्टता आएमा वाधा अवरोध फुकाउने प्रयोजनका लागि नगरपालिकाको कार्यालयले आवस्यकता अनुसार व्याख्या गर्न सक्ने छ।

समाप्त

अनुसूची १

५०% अनुदानमा भकारो सुधार कार्यक्रम २०७८/२०७९

माई नगरपालिका शितली, इलाम

कृषकको नाम:

ठेगाना:

वार्ड नं.

सम्पर्क नं.

भकारोको आकार (लम्बाई * चौडाई)

**कृषकले संचालन गरिने कार्य प्रस्तावित योजना विवरण :**

| क्र. स. | संचालन गरिने क्रियाकलाप | | अपेक्षित अनुदान सहयोग रु. | निजि लगानी रु. | जम्मा लगानी रु. |
|---|---|---|---|---|---|
| | विवरण | परिणाम | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

भकारो सुधार कार्यक्रममा कार्य गर्ने कृषकले न्युनतम अनुदान रकम बरावरको रकम प्रस्तावित योजनामा समावेश गर्नु पर्नेछ ।

निवेदक कृषक/ कृषि फर्मको दस्तखत/छाप

# अनुसूची २

## ५०% अनुदानमा भकारो सुधार कार्यक्रम २०७८/२०७९ मुल्यांकनका आधारहरु

| क्र. सं. | आवेदकको नाम ठेगाना | प्रस्तावितक कार्य योजना ( २०) | व्यवसायको सम्भाव्यता (१५) | पशु संख्या (२०) | जग्गाको क्षेत्रफल (१५) | जैविक तथा पर्यावरणीय सुरक्षा विधि (१५) | अन्य कार्यक्रम गर्दा कृषकको आचरण( १५) | कुल प्राप्तां क ( १००) |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

आज्ञाले,
क्षेत्रनाथ शर्मा
नि. प्रमुख प्रशासकीय अधिकृत